(सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०७६ श्रावण १ देखि २०७६ असोज महिनामा सम्पादित प्रमुख क्रियाकलपाहरु (स्वतः प्रकाशन) को विवरण

नेपाल सरकार

उर्जा,जलश्रोत तथा सिचांइ मन्त्रालय

सिंहदरबार,काठमाण्डौं ।

विषय सूचि

१. पृष्ठभूमि : 3

२. मन्त्रालयको कार्य विभाजन :.....3

३. मन्त्रालयको संगठनात्मक संरचना : 5

४.सचिवालय,महाशाखा,जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्बर : 6

५. मन्त्रालय मातहतका विभाग तथा निकायहरु :.....6

६. मन्त्रालय सम्बद्ध राष्ट्रिय गौरवका आयोजनाहरु :.....6

७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि : 7

८. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी : 7

९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :.....7

१०. सूचना अधिकारी प्रबक्ता र प्रमुखको नाम पद 7

११. ऐन,नियम,विनियम वा निर्देशिकाको सूची :.....8

१२. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण :.....9

१. पृष्ठभूमि :

विकासको मेरुदण्डको रुपमा रहेको उर्जा,जलश्रोत तथा सिंचाइ क्षेत्रलाई समायोजित तरिकाले द्रुत विकास गरी देशको सामाजिक-आर्थिक रुपान्तरण गर्ने एक प्रमुख साधनको रुपमा नेपालको जलश्रोतको दिगो उपयोग गर्दै उर्जा तथा सिंचाई क्षेत्रमा महत्वपूर्ण उपलव्धीहरु हासिल गर्ने,उर्जा संकटलाई न्यूनिकरण गर्ने,निराकरण गर्ने र विद्युत उर्जालाई देशको मुख्य उर्जाको रुपमा अगाडी बढाउने सोचका साथ उर्जा ,जलश्रोत तथा सिंचाइ क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरुको व्यवस्थापन गर्ने मुख्य दायित्व उर्जा,जलश्रोत तथा सिँचाइ मन्त्रालयको रहेको छ । नेपाल सरकारको कार्य विभाजन नियमावली २०७४ अनुसार साविकको उर्जा मन्त्रालय र सिंचाई मन्त्रालय तथा सो मातहतका निकायहरुका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी उर्जा,जलश्रोत तथा सिंचाई मन्त्रालय गठन भएको छ ।

२. मन्त्रालयको कार्य विभाजन :

उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयबाट सम्पादन हुने कार्यहरु देहाय बमोजिम रहेका छन ।

१. जलश्रोत र उर्जाको दिगो विकास,संरक्षण,उपयोग र पानीको बाँडफाँडसम्बन्धी नीति,कानुन, मापदण्ड र नियमन ,
२. जलश्रोत र उर्जा पूर्वाधार संरचना निर्माणसम्बन्धी एकीकृत नीति,कानुन,मापदण्ड र नियमन
३. सिंचाइसम्बन्धी एकीकृत नीति,कानुन,मापदण्ड र नियमन
४. नदी बेसिन योजना र जल उपयोगसम्बन्धी गुरुयोजना र नियमन
५. जलश्रोत,उर्जा, सिंचाइ र भूमिगत जलश्रोतसम्बन्धी अध्ययन,अनुसन्धान र प्रविधि विकास
६. प्रमुख नदीहरुको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमीनको संरक्षण,व्यवस्थापन र उपयोगसम्बन्धी नीति,कानुन ,मापदण्ड र नियमन
७. जलश्रोतसम्बन्धी वस्तु वा सेवा उपयोगको मापदण्ड र नियमन
८. जलश्रोत,उर्जा र सिंचाइ क्षेत्रसँग सम्बन्धित निकायहरुसँगको समन्वय
९. संघिय र अन्तरप्रदेशस्तरमा सञ्चालन हुने जलश्रोत उपयोगका बहुउदेश्यीय आयोजनाको पहिचान,अध्ययन,निर्माण र नियमन
१०. संघीय र अन्तरप्रादेशिक सिंचाइ र अन्तरप्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनको पहिचान,अध्ययन, निर्माण र नियमन
११. जलश्रोत,उर्जा र सिंचाइसम्बन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरुको पुनर्बास र पुनर्स्थापना
१२. संघीय र अन्तरप्रदेश सिंचाइ प्रणालीको बाँध,जलाशय,अन्य संरचना,मुल नहरको सञ्चालन,मर्मत संभार,व्यवस्थापनसम्बन्धी नीति,मापदण्ड र कार्यान्वयन
१३. प्रदेश सीमा नदीको बाढी र नदी नियन्त्रण कार्यक्रम सञ्चालनमा समन्वय र सहयोग

१४. जलश्रोत,उर्जा र सिंचाइसम्बन्धी तथ्याङक व्यवस्थापन,अध्ययन अनुसन्धान
१५. राष्ट्रिय र अन्तराष्ट्रिय विद्युत प्रशारण लाइन तथा विस्तार
१६. राष्ट्रिय र अन्तराष्ट्रिय विद्युत व्यापार सम्बन्धी नीति,कानुन,मापदण्ड,सन्धी–सम्झौता कार्यान्वयन र नियमन
१७. राष्ट्रिय महत्वका बहुउदेश्यीय जल आयोजना र अन्तर जलाधार स्थानान्तरण
१८. विद्युत सेवाको मापदण्ड,गुणस्तर र महशुल सम्बन्धी नीति र नियमन
१९. विद्युत सेवाको राष्ट्रिय र क्षेत्रिय भार प्रणाली व्यवस्थापन र सञ्चालन
२०. नवीकरणीय र वैकल्पिक उर्जाको उपयोग,गुणस्तर र मापदण्ड
२१. विद्युत विकासमा लगानी
२२. जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति,कानन,मापदण्ड,तथ्याङक,योजना,कार्यान्वयन र नियमन
२३. मौसम तथा बाढी पूर्वानुमान
२४. विपद पूर्व सूचना प्रणालीको विकास तथा सम्प्रेषण
२५. जलवायुसम्बन्धी अध्ययन तथा अनुसन्धान,सूचना आदन प्रदान
२६. जल तथा मौसमी राडार,रेडियोसोन्डे,चट्यान नेटवर्क,सौर्य विकीरण केन्द्रहरुको व्यवस्थापन र सूचना प्रवाह
२७. हिमनदी तथा हिमताल
२८. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि,सम्झौता,अभिसन्धि,सम्पर्क र समन्वय
२९. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान,प्राधिकरण,समिति ,प्रतिष्ठान,कम्पनी आदिको सञ्चालन र नियमन
३०. नेपाल इन्जिनियरिङ्ग सेवाअन्तर्गत देहायका समूह,उपसमूहको सञ्चालन
   क) इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह
   ख) मेकानिकल इन्जिनियरिङ्ग समूह
   ग) मेटेरियोलजी समूह
   घ) एगृ इरिगेशनइन्जिनियरिङ्ग समूह
   ङ) सिभिल इन्जिनियरिङ्ग समूहको इरिगेशन,हाइड्रोपावर र हाइड्रोलजी उपसमूह ।

३. मन्त्रालयको संगठनात्मक संरचना :



४.सचिवालय,महाशाखा,जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्बर :

सि.नं.	सचिवालय/महाशाखा	जिम्मेवार अधिकारी	फोन नं.
१	माननीय उर्जा,जलश्रोत तथा सिंचाइमन्त्री	श्री वर्षमान पुन 'अनन्त'	४२११५१३/५१८
२	सचिव (सिंचाइ)	इ. रविन्द्र नाथ श्रेष्ठ	४२११४२६
३	सचिव(उर्जा)	श्री दिनेशकुमार घिमिरे	४२११५१६
४	प्रशासन महाशाखा	सहसचिव श्री शिव लाल तिवारी	४२०००३३
५	कानुन तथा फैसला कार्यान्वयन महाशाखा	सहसचिव श्री तोयानाथ अधिकारी	४२०००३१
६	कार्यक्रम,बजेट तथा अनुगमन महाशाखा	सहसचिव श्री सुशिल चन्द्र तिवारी	४२११५०९
७	जलश्रोत महाशाखा	सहसचिव श्री सरिता दवाडी	४२००१२२
८	उर्जा महाशाखा	सहसचिव श्री प्रवीणराज अर्याल	४२११५३६
९	विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा	सहसचिव श्री मधु प्रसाद भेटुवाल	४२११५२३
१०	जल,मौसम तथा बातावरण महाशाखा	सहसचिव श्री राम गोपाल खर्बुजा	४२११९१२

५. मन्त्रालय मातहतका विभाग तथा निकायहरु :

- विद्युत विकास विभाग
- जलश्रोत तथा सिंचाइ विभाग
- जल तथा मौसम विज्ञान विभाग
- जल तथा उर्जा आयोगको सचिवालय
- नेपाल विद्युत प्राधिकरण
- भूमिगत जलश्रोत विकास समिति
- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र
- जलश्रोत अनुसन्धान तथा विकास केन्द्र
- विद्युत उत्पादन कम्पनी लिमिटेड
- राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लिमिटेड
- जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

६.मन्त्रालय सम्बद्धराष्ट्रिय गौरवका आयोजनाहरु :

- माथिल्लो तामाकोशी जलविद्युत आयोजना
- बुढीगण्डकी जलविद्युत आयोजना

- पश्चिम सेती जलविद्युत आयोजना
- सिक्टा सिंचाइ आयोजना
- बबई सिंचाइ आयोजना
- रानीजमरा कुलरिया सिंचाइ आयोजना
- भेरी-बबई डाईभर्सन बहुउदेश्यीय आयोजना

७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

क. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

१. सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम र

२. अन्य बिशेष कानुनले तोके बमोजिमको दस्तुर

ख. सेवा प्राप्त गर्न लाग्ने अवधि :

१. सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अवधी भित्र र

२. अन्य बिषेश कानुनले अवधी तोकेकोमा सोही बमोजिमको

८. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी :

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाईने ।

९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

- **उर्जा तर्फ सचिव श्री दिनेशकुमार घिमिरे**
- **जलश्रोत,सिंचाइ तथा मौसम विज्ञान तर्फ सचिव इ. रविन्द्र नाथ श्रेष्ठ**

१०. सूचना अधिकारी प्रबक्ता र प्रमुखको नाम पद

प्रमुख	सचिव(उर्जा) श्री दिनेशकुमार घिमिरे
प्रमुख	`सचिव(सिंचाई) इ. रविन्द्र नाथ श्रेष्ठ
प्रबक्ता	सहसचिव श्री प्रवीणराज अर्याल
सुचना अधिकारी	सि.डि.ई श्री बाबुराज अधिकारी

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- **नेपालको संविधान**
- **ऐनः**

  १. विद्युत नियमन आयोग ऐन,२०७४

  २. विद्युत चोरी नियन्त्रण ऐन २०५८

  ३. विद्युत ऐन २०४९

  ४.जलश्रोत ऐन २०४९

  ५. नेपाल विद्युत प्राधिकरण ऐन,२०४१
- **नियमावली :**

  १. विद्युत नियमन आयोग नियमावली, २०७५

  २. सिंचाइ नियमावली, २०५६

  ३. विद्युत चोरी नियन्त्रण नियमावली, २०५९

  ४.विद्युत महशुल निर्धारण नियमावली,२०५०

  ५. विद्युत नियमावली,२०५०

  ६. जलश्रोत नियमावली,२०५०
- **निर्देशिका :**

  १. जनताको जलविद्युत कार्यक्रम(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि

  २. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५

  ३. ग्रीड कनेक्टेड वैकल्पिक विद्युत उर्जा विकास सम्बन्धी कार्यविधि,२०७४

  ४. १ मेगावट सम्मको जलविद्युत आयोजनाको विकास सम्बन्धी निदेशिका,२०७४(मस्यौदा)

  ५. विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिस सम्बन्धी निर्देशिका,२०७४

  ६. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी (संशोधन) निर्देशिका,२०७३

  ७. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७३

  ८. जलविद्युत तथा प्रसारण आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङकन सम्बन्धी कार्यविधि,२०७३

  ९. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७२

  १०. निर्माण सम्पन्न जलविद्युत आयोजनाहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि,२०७२

  ११. राष्ट्रिय उर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र एवं कार्ययोजना,२०७२

  १२. सिंचाइ मन्त्रालय र अन्तर्गत विभागहरुको सरुवा/पदस्थापन तथा काज सम्बन्धी मापदण्ड,२०७१

  १३.विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिस सम्बन्धी निर्देशिका,२०७१

१४. जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०७०
१५. उर्जा मन्त्रालय र अन्तर्गत निकायमा कार्यरत कर्मचारीहरुको आचार संहिता,२०७०
१६. कार्य फछ्र्यौट कार्यविधि,२०७०
१७. सिंचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी निर्माण कार्यहरु उपभोक्ता संस्था मार्फत निर्माण कार्य सञ्चालन गर्ने/गराउने कार्यविधि,२०६९
१८. जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी कार्यविधि,२०६९
१९. जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका,२०६९
२०. लोडसेडिङ न्यूनिकरण कार्ययोजना-२०६९
२१. निजी क्षेत्रबाट निर्माणाधीन जलविद्युत आयोजनाहरुलाई प्रदान गरिने सुविधा सम्बन्धी कार्यविधि,२०६८
२२.जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०६८
२३.लोडसेडिङ न्यूनिकरण कार्ययोजना-२०६८
२४. राष्ट्रिय विद्युत संकट निरुपण कार्ययोजना २०६५

१२. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण :

चालु आ.व. २०७६/७७ को हालसम्मको प्रगति

<u>ऊर्जा तर्फ</u>

१. जनताको जलविद्युत कार्यक्रम

- सम्माननीय प्रधानमन्त्रीज्यूबाट "जनताको जलविद्युत कार्यक्रम" शुभारम्भ भएको ।
- राष्ट्रिय महत्वका आकर्षक र नाफामूलक २२ वटा जलविद्युत आयोजनाहरुको छनौटभएको।
- हालसम्म त्रिशुली ३ बी जलविद्युत आयोजना (३७ मेगावाट), सान्जेन जलविद्युत आयोजना (५७ मेगावाट) र रसुवागढी जलविद्युत आयोजना (१११ मेगावाट) को शेयर वितरण सम्पन्न भएको।
- भेरी बबई बहुउदेश्यीय योजनाको निर्माण कार्य कम्पनी मार्फत अगाडी बढाउने निर्णय भएको ।साथै जनताको जलविद्युत कार्यक्रम अन्तर्गत शेयर निष्कासनको प्रक्रिया प्रारम्भ भएको ।

क्र.सं.	आयोजनाको नाम	शेयरधनी	निष्कासन भएको शेयर कित्ता
१.	त्रिशुली ३ बी जलविद्युत आयोजना	१,५४,५५९	३५,९३,८५०
२.	सान्जेन जलविद्युत आयोजना	२,८८,८९७	४९,८२,२५०
३.	रसुवागढी जलविद्युत आयोजना	२,९१,२७२	९३,३९,४६७
		जम्मा	**१,७९,१५,५६७**

२. यस आ.व को हालसम्ममा हेवाखोला जलविद्युत आयोजना २२ मेगावाट, कुलेखानी जलविद्युत आयोजना १४ मेगावाट, माथिल्लो मार्दी जलविद्युत आयोजना ७ मेगावाट, इवाखोला जलविद्युत आयोजना १० मेगावाट र तल्लो छोटेखोला जलविद्युत आयोजना ०.९९७ मेगावाट गरी कुल ५३.९९७ मेगावाट विद्युत राष्ट्रिय विद्युत प्रणालीमा आवद्ध भएको र काबेली बी एक जलविद्युत आयोजना २५ मेगावाट र अपर नौगढगाड जलविद्युत आयोजना ८ मेगावाट गरी ३३ मेगावाट विद्युतको Testing and Commissioning सम्पन्न भई Trial Operation को रहेको ।

३. माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४५६ मे.वा.) आयोजनाको भौतिक प्रगति ९९% रहेकोमा Vertical Penstock Shaft मा Steel Lining गर्ने कार्य प्रारम्भ गर्नमा ढिलाई भएकोले सो कार्य गर्न ठेकेदार Andritz Hydroमार्फत नयाँ व्यवस्थापन गरी माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीज्यूको निर्देशानुसार आ.व. २०७६/७७ बाट विद्युत उत्पादन शुरु गर्ने लक्ष्य राखी कार्य भइरहेको छ। हालसम्म Vertical Shafts को १३७ मिटर Steel Lining कार्य सम्पन्न भएको ।

४. यस आ.व को हालसम्ममा १३२ के.भी. तथा २२० के.भी. गरी करिव ४६ सर्किट किलोमिटर प्रसारण लाइन निर्माण भएका छन् ।

५. यस आ.व को हालसम्ममा वितरण लाइन विस्तार, स्तरोन्नति तथा सुदृढीकरण गरी २६ हजार २ सय थप घर धुरीमा विद्युत ऊर्जाको सेवा उपलब्ध गराईएको छ ।

६. नवीकरणीय ऊर्जा अन्तर्गत यस आ.व को हालसम्ममा लघु तथा साना जलविद्युत आयोजना बाट ३५२ कि.वा. विद्युत उत्पादन, २१७६ वटा घरेलु सौर्य विद्युत प्रणाली, ३०६ वटा सुधारीएको फलामे चुलो, २०० वटा घरायसी वायोग्यास प्लान्ट जडान भएका छन । त्यसैगरी १४ वटा संस्थागत सौर्य विद्युत प्रणाली, ११ वटा संस्थागत तथा सामुदायिक वायोग्यास प्लाण्ट जडान र ८४ वटा ऊर्जाको उत्पादनमुलक परिप्रयोग प्रवर्द्धन भएका छन । लक्षित क्षेत्र र वर्ग बिशेष कार्यक्रम कार्यान्वयनका लागि सुचना प्रकाशन गरी माग संकलन गरिएको छ ।

<u>हाल सम्मको खर्चको विवरण</u>

निकाय	वजेट	खर्च	प्रगति %
ऊर्जा तर्फ	८१ अर्व ८७ करोड	१७ अर्व ५४ करोड	२२

सिंचाइ तथा नदी नियन्त्रण तर्फ

- हाल सम्म करिब १४७६७३१ हेक्टर कृषि योग्य जमिनमा सिँचाइ पूर्वाधार विकास भएको ।
- हाल सम्म नदी नियन्त्रण कार्यक्रम तर्फ १०४०.७ कि. मि. तटबन्द निर्माण भई यस आ. ब. मा थप २१.१ कि. मि. निर्माणका लागी तयारी भैरहेको
- भेरी बबइ डाइभर्सन आयोजनाको १२.२ कि.मि.सुरुङ्गको निर्माण कार्य सम्पन्न भएको।डाइभर्सन हेडवर्कस्, पावर हाउस तथा एसेसरिज निर्माण तर्फको सिभिल निर्माण कार्यको खरीद सम्झौता भइ निर्माण सुरु भएको तथा हाइड्रो मेकानिकल निर्माण कार्यको बोलपत्र आवहान गरिएको
- बबइ सिचाइ आयोजनाको ७.२६ कि. मि. मूल नहर निर्माण भएको, २२ कि.मी. शाखा/उपशाखा नहर निर्माणका लागी खरिद सम्झौता भइ निर्माण सुरु भएको
- सिक्टा सिचाइ आयोजनाको पूर्वी मुल नहरतर्फकुल १६ कि.मि ७५% सम्पन्न भएको ।२५ कि.मी. सम्म रुख कटान भएको। पश्चिमी मूल नहरको क्षतिग्रस्त ६ कि. मि. खण्डमा आकस्मिक मर्मत सम्भार कार्य अघि बढेको |सिचाइ संरचना निर्माण अन्तर्गत Settling basin सहित ७ गोटा संरचनाको निर्माण सम्पन्न भएको, १५ गोटामा ७०% भन्दा बढी प्रगति भएको|
- रानी जमरा कुलरिया सिचाइ आयोजनाको लम्की मुलनहर विस्तारका लागि ६ कि.मि खण्डमा पर्ने रुख कटान कार्य सम्पन्न भै ५ कि.मी. सम्म दुवै तर्फ आर.सी.सी. लाइनिङ कार्य सम्पन्न भएको | सिंचाइ संरचना निर्माण अन्तर्गत ७ वटा संरचनाहरुको निर्माण कार्य सम्पन्न भएको । इन्टेकको गेटहरु जडान कार्य भएको तथा पावर हाउसको बाँकी निर्माण कार्य भैरहेको
- महाकाली सिचाइ आयोजनाको २ कि.मि मुल नहर निर्माणको कार्य सम्पन्न भएको।९.० वटा संरचनाहरुको निर्माण कार्य संपन्न भएको ।
- प्रगन्ना तथा वडकापथ सिचाइ आयोजनाको १.५ कि.मि मुल नहर तथा ५ वटा सिचाइ संरचना निर्माण सम्पन्न भएको ।
- सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भई राष्ट्रिय योजना आयोगबाट बहुबर्षीय ठेक्का स्वीकृत भई बोलपत्र आव्हानको तयारी भइरहेको। आयोजनाको EIA रिपोर्ट तयार गरी स्वीकृतीको लागि बन तथा बाताबरण मन्त्रालयमा पेश गरेको
- सिंचाइ क्षेत्रको योजनावद्ध विकासको लागि २५ वर्षे गुरुयोजनाको ड्राफ्ट रिपोर्ट तयार भएको।
- एकीकृत ऊर्जा तथा सिंचाइ विशेष कार्यक्रम अन्तर्गत ५७ वटा सिंचाइ उप-आयोजनाहरूको विस्तृत संभाव्यता अध्ययन सम्पन्न भई २ वटा उप-आयोजनाहरूको निर्माणका लागि खरीद सम्झौता भएको साथै अन्य उप-आयोजनाहरूको बोलपत्र आवहानको कार्य भइरहेको
- सर्लाही तथा रौतहट जिल्लामा ४० हजार हेक्टर क्षेत्रफलमा सिंचाइका लागि १००० वटा डिप ट्युववेलको सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माण कार्यको तयारी भैरहेको

- कालीगण्डकी तिनाउ डाइभर्सन आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनको स्थलगत प्रतिवेदन तयार भएको; सुरुङ्गको भौगर्भिक अध्ययन कार्य सम्पन्न भएको।
- विगत ६ वर्षदेखि आयोजना हुन नसकेको नेपाल-भारत संयुक्त जलस्रोत समिति (JCWR) तथा विगत ३ वर्षदेखि हुन नसकेको नेपाल-भारत संयुक्त स्थायी प्राविधिक समिति (JSTC) को बैठक २०१९ जनवरीमा नयाँ दिल्लीमा सम्पन्न भई नदी नियन्त्रण कार्यमा भारतीय सहयोग प्राप्त हुनेतथा सीमाक्षेत्रमा हुने डुबान, कटान समस्या समाधानका लागि नियमित रुपमा संयुक्त निरीक्षण गरी उपयुक्त उपाय अवलम्वन गर्ने विषयमा सहमति भएको । टनकपुर लिंक नहर जोडिने स्थान पहिचानगर्न द्विपक्षीय टोली गठन गर्ने निर्णय भएकोमा हाल उक्त स्थानको coordinates लाई अन्तिम रुप दिई विविध प्राविधिक पक्षमा समेत सहमति भइसकेको।
- कोशी गण्डक आयोजना संयुक्त समिति (JCKGP) को बैठककाठमाडौंमा २०१८ नोभेम्बरमा सम्पन्न भई कोशी तथा गण्डक आयोजनाहरुबाट पानीको उपलब्धता सुनिश्चित गर्ने तथा नेपाली भूभागमा कटान न्यूनीकरणका लागि आवश्यक उपाय अवलम्बन गर्ने विषयमा सहमति भएको ।
- नेपाल भारत संयुक्त डुबान तथा बाढी व्यवस्थापन समिति (JCIFM) को बैठककाठमाडौंमा २०१९ मेमा सम्पन्न भई सीमाक्षेत्रमा हुने डुबान सम्बन्धी समस्या समाधान गर्न द्विपक्षीय प्राविधिक समितिले पेश गरेको कार्ययोजना कार्यान्वयन गर्ने तथा **खांडो, वाणगंगा र प राप्ती** .नदी नियन्त्रणको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयारी भैरहेको

<u>जल तथा मौसम विज्ञान तर्फ</u>

- ५० गोटा स्वचालित जल मापन केन्द्र, ४५ गोटा स्वचालित वर्षा मापन केन्द्र तथा १८ गोटा स्वचालित मौसम मापन केन्द्रहरु स्थापना भएको।
- विभिन्न नदी प्रणालीका ८४ स्थानहरूमा बाढी सम्बन्धी Mass SMS प्रवाह भइरहेको; कोशी तथा पश्चिम राप्ती नदीहरुमा ३ दिनसम्मको बाढी पूर्वसूचना प्रवाह भइरहेको
- मौसमी राडार स्थापनाका लागि सुर्खेतको रातानाङलामा राडार उपकरण अयात भै जडान भएको । उदयपुर र पाल्पामा राडार केन्द्र स्थापनाका लागी खरिद सम्झौता सम्पन्न भएको
- हवाई उड्डययनका लागि २ स्थान(पोखरा र विराटनगर)मा स्वचालित मौसम मापन केन्द्र स्थापना भइ अन्य १६ एरपोर्टहरुमा कार्य भैरहेको, ५०गोटा स्वचालित जलमापन केन्द्र स्थापना भएको र ४५ गोटा वर्षामापन केन्द्र स्थापना भएको |
- बबरमहल स्थित जग्गामा सुविधासम्पन्न भवन निर्माण कार्य सम्पन्न भएको ।